**श्रद्धेय अध्यक्षज्यू,**

**नगर सभासदज्यूहरू**

**पत्रकार तथा उपस्थित महानुभावहरु**

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई जनताको सामाजिक-आर्थिक रूपान्तरणका लागि दीर्घकालीन विकास एजेण्डाका साथ अगाडि बढ्ने जिम्मेवारी दिएको छ । संविधानको मर्म बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा जनसमुदायको तिव्र प्रगतिको आकांक्षा पूरा गर्न नीति, रणनीति र योजना तर्जुमा गर्ने अधिकार महानगरपालिकालाई दिएको छ ।

यसै सन्दर्भमा तीव्र गतिमा विकास भइरहेको नेपालका शहरमध्येको एक र क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो महानगरका रूपमा रहेको पोखरा महानगरपालिकाले वि.सं. २१०० सम्ममा कार्बन-तटस्थ समुन्नत शहर बन्ने दीर्घकालीन सोच तय गरी अगाडि बढेको छ ।

यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र एवं लोकतन्त्र तथा सामाजिक न्याय र समानता सहितको संमृद्ध नेपाल निर्माणको खातिर आफ्नो जिवन उत्सर्ग गर्नु भएका ज्ञात अज्ञात महान सहिदहरू प्राप्ति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा अपाङ्गहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। २०७९ माघ १ गतेका दिन यति एयरलाइन्सको विमान पोखराको सेती खोँचमा दुर्घटना भई ज्यान गुमाउनु भएका चालक दलका सदस्य सहित सम्पूर्ण हवाई यात्रुहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु।

नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत बजेट समन्वय, सहअस्तित्व र सहकार्यलाई मजबुत पार्दै सङ्घीयतालाई सबल बनाउन वास्तविक रूपमा जनता मालिक र जनप्रतिनिधि र कर्मचारी सेवक रहेको अनुमति दिलाउँदै दिर्घाकालिन सोच प्राप्तिमा साझा धारणा बनाई कार्य गर्न आधिलक्षित हुनेछ।

मुलुकमा देखा परेको आर्थिक समस्या बिस्तारै सुधारोन्मुख हुँदै गएको छ। पोखरामा पर्यटकको आगमनले गति लिँदै गएको छ। नागरिकको विकास प्रतिको चाहना पुरा गर्दै सबल, सुसंस्कृत र सभ्य सहर निर्माण गर्ने उद्देश्य प्राप्त गर्न बजेट विनियोजनलाई उत्पादनमूलक, रोजगारी वृद्धि र थप आन्तरिक राजश्व प्राप्त हुने क्षेत्रमा केन्द्रित गरिएको छ।

यसै सन्दर्भमा पोखरा महानगरपालिकाको तेह्रौं नगर सभामा आ.व. २०८०/८१ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्ने उपस्थित भएको छु।

निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकालमा हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन सोचलाई प्राप्त गर्ने मूल उद्देश्यका साथ आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु।
आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं योजना, पोखरा महानगरपालिकाको दीर्घकालीन सोच, प्रथम त्रिवर्षीय योजना, आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम, कार्यपालिका सदस्यवाट प्राप्त सुझाव, पोखरा महानगरपालिका सल्लाहकार परिषदबाट प्राप्त सुझाव एवं, विभिन्न क्षेत्रका विषय बिज्ञ र सरोकारवालाहरूबाट प्राप्त सुझावलाई मार्गदर्शक रूपमा लिएको छु। पोखरा महानगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितीको विश्लेषण, नीति र कार्यक्रम साथ प्रस्तुत गरिएको छ।

**अव म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

चालु आर्थिक वर्षका लागि रु. ८ अर्ब ९९ करोड २ लाख २९ हजार बजेट विनियोजन भएकोमा आषाढ ८ सम्म ३ अर्ब ८५ करोड ५५ लाख ८४ हजार खर्च भई ४३.०५% प्रगती हासिल भएको छ। आषाढ मसान्तसम्म ७० प्रतिशत खर्च हुने अनुमान छ।

चालु आर्थिक वर्षमा कुल विनियोजित रकममध्ये आन्तरिक स्रोत वाट रु.४ अर्ब ३० करोड १५ लाख ५२ हजार ब्यहोर्ने अनुमान गरिएकोमा हालसम्म रु.१ अर्ब १९ करोड ७१ लाख ९२ हजार सङ्कलन भएको छ।

आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको छ। चालु खर्च घटाउने, प्रत्येक आ.व. मा बेरुजु औँल्याइएका सोही प्रकृतिका खर्चको सन्दर्भमा सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउने र निरन्तर नियमन गर्ने कार्य गरी बढ्दो बेरुजु कम गर्न आवश्यक व्यवस्था मिलाइने छ। चालु आ.व.मा ४२ करोड ५० लाख बेरुजु सम्परीक्षण भएको छ।

**सभाध्यक्ष ज्यू**

**अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयन समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

१. चालु वर्ष सानाठूला गरी १५४ वटा आयोजनाको बोलपत्र आह्वान भएको छ। वडास्तर र महानगरस्तरबाट कार्यान्वयन भएका योजनाहरूको समग्र प्रगति तथा उपलब्धी आर्थिक वर्षको समाप्तिपछि तयार हुनेछ। चालू आर्थिक वर्षको जेठ मसान्तसम्म ४ वटा वडा कार्यालयको तला थप गरिएको छ, २ वटा वडा कार्यालय निर्माण र नगर कार्यपालिकाको कार्यालयमा कार्यकक्ष सुधार भएको छ। ५ वटा वडा कार्यालय भवन र ३ वटा सहरी स्वास्थ्य केन्द्र भवन निर्माण

सम्पन्न हुने चरणमा रहेका छन् । यसैगरी ५ वटा वडा कार्यालय भवन निर्माण सम्झौता हुने चरणमा रहेका छन्। पृथ्वीचोक स्थित पोखरा भवन र महानगरपालिकाको प्रशासनिक भवन लगायत महानगर गौरवका ५ वटा आयोजनाको डिपिआर अन्तिम चरणमा रहेको छ।

२. सडक तर्फ २७ कि.मी. पक्की, ८ कि.मी. ग्राभेल र दुई वटा कल्भर्ट निर्माण सम्पन्न भएका छन्। खानेपानी तर्फ ७ वटा आयोजना सम्पन्न भएका छन भने अन्य ७ वटा निर्माणाधीन रहेका छन्।

३. पोखराको न्यायिक समिति देशभरमा उत्कृष्ट कार्यसम्पादन गरिरहेको मानिन्छ । न्यायिक समितिमा १६१ वटा उजुरी दर्ता भएकोमा १२१ फछ्र्यौट भएका छन् ।

४. प्रविधिमैत्री कक्षा कोठा निर्माण कार्यलाई निरन्तरता दिँदै चालु आर्थिक वर्ष थप १० वटा विद्यालयमा प्रविधिमैत्री कक्षा कोठा निर्माण भएको छ । कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तर्जुमा गरी महानगर भित्रका सबै विद्यालयमा कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारले गत आ.व. को बजेट मार्फत घोषणा गरेको बालबिकास सहयोगी कार्यकर्ता विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरुका लागि मासिक पारिश्रमिकमा रु.७००० का दरले गरेको वृद्धि पोखरा महानगरपालिकाले आवश्यक स्रोतको प्रबन्ध गरी उपलव्ध गराएको छ ।

५. चालु आर्थिक बर्षमा उपप्रमुखसँग महिला कार्यक्रम सफ्टवेयर प्रणालीवाट अध्यावधिक गरिएको छ । चक्रीय कोषका रुपमा कोषको रकम परिचालनवाट महिलाहरुको आर्थिक स्थितिमा सकारात्मक परिवर्तनका संकेतहरु देखिएका छन् । यस कार्यक्रमबाट आ.व ०७९/८० सम्म ६१९ जना महिला, एकल महिला, दलित, जनजाती, मुस्लिम, द्वन्द्वपिडित, कृषक लगायतका महिलाहरुलाई रु.११ करोड ४९ लाख रकम सहुलियतदरको ब्याजमा ऋण उपलब्ध गराइएको छ । अनाथ बालबालिकाहरुको उद्धार, राहत र पुनर्स्थापना कार्यक्रम अभियानका रुपमा संचालन भएको छ ।

६. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत सुरक्षित वैदेशिक रोजगारी र वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाइएको छ । अपांग नागरिकलाई सहायता सामग्री

वितरण गरिएको छ । जाडो मौसममा न्यानो कपडाबाट बिमुख व्यक्तिहरुका लागि गैसस र वडा कार्यालयको समन्वयमा क्लोथ बैंकको स्थापना तथा संचालन गरिएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुलाई पोषण भत्ता वापत मासिक रु.२०० वितरण गरिएको छ ।

७. महानगरवासीलाई आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि थप ८ वटा वडामा शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । विद्यालयमा आइरन चक्कि एंव पोषण कार्यक्रम सुरुवात गरिएको छ । जटिल रोग लागेका ४८५ जना नागरिकलाई मासिक रु.५ हजारका दरले सहयोग उपलब्ध गराइएको छ । कुल १५ वटा स्वास्थ्य संस्थामा एल.एम.आइ.एस/एच.आइ.एम.एस सफ्टवेयर मार्फत अभिलेख व्यवस्थापन गरि पेपरलेस बनाइएको छ ।

८. समृद्ध वैभवशाली र अन्तर्राष्ट्रिय स्तरको विकसित पोखरा शहर निर्माणका लागि दीर्घकालिन दृष्टिकोण सहितको **भिजन २१००** तथा त्रिवषीय योजना र मध्यमकालिन खर्च संरचना प्रतिवेदन तर्जुमा भई कार्यान्वयनको थालनी गरिएको छ । भौगोलिक र विकासका दृष्टिकोणले विविधतापूर्ण महानगरका ग्रामीण र विकट वडाहरुको पूर्वाधार विकासमा सन्तुलन र समानता कायम गर्न शुरुवात गरिएका कनेक्टिङ सडकहरु सम्पन्न भएका छन् । यी योजना पोखरा महानगरभित्र विकासका अतिरिक्त ग्रेटर पोखरा अवधारणासँग अन्तरसम्बन्धित छन् ।

९. उज्यालो पोखरा अभियान निरन्तर अगाडि बढाइएको छ । यस अभियान अन्तरगत २३ वटा मुख्यचोकहरुमा हाइमास्ट लाइट जडान गरिएको छ भने, १९ सय भन्दा बढि स्मार्ट सडक बत्तिहरु जडान सम्पन्न भैसकेको छ ।

१०. कृषि तर्फ कृषि यान्त्रीकिकरण अभियान संचालन गरि २६६ वटा मिनिटिलर कम्वाइन मिल ४२ वटा, घाँस काट्ने मेसिन ११ वटा, तेल पेल्ने मेसिन ५ वटा र थ्रेसर २ थान वितरण गरिएको छ । यसबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा लिइएको छ

। यसका अतिरिक्त कृषि उपज बजार ग्यारेन्टि गर्दै २३ वटा कृषि उपजको न्युनतम सर्मथन मुल्य तोकिएकोमा चालु आ.वमा ९० टन कृषि उपजको न्युन बजार मुल्य वापत कृषकलाई रु.२७ लाख उपलब्ध गराइएको छ। यसबाट कृषकको कृषि उत्पादनको बिक्रि ग्यारेन्टी र मुल्य सुनिश्चितता सहित कृषकलाई प्रोत्साहन मिलेको छ।

११. १२ वटा कृषि पकेट क्षेत्र विस्तार गरिनुका साथै १६ सय रोपनीमा चैतेधान खेति विस्तार गरिएको छ। मौरिपालक कृषकहरुलाई ८ सय थान मौरी सहितको घार वितरण गरिएको छ। डिजिटल कृषि प्रणालीलाई व्यवस्थित गरि पोखरा कृषी मोवाइल एप मार्फत कृषि सम्बन्धि सम्पुर्ण सेवाहरु प्रदान गरिएको छ। डिजिटल मार्केट प्लेसको अवधारणा अन्तरगत सार्वजनिक निजि र सहकारी मार्फत उत्पादन, उपभोग र वितरण प्रणालीलाई व्यवस्थित गर्ने कार्यको शुरुवात गरिएको छ।

१२. कुल १११ वटा सहकारी संस्थाहरुको सुचकमा आधारित सघन अनुगमन सम्पन्न भएको छ। २४२ वटा सहकारी संस्थाहरु कोपोमिस प्रणालीमा आवद्ध गरिएको छ। सहकारी मुल्य मान्यता विपरित कार्य गर्ने ५ वटा सहकारी संस्थालाई कानुनी कार्वाही गरिएको छ। १० वटा सहकारी संस्थाहरुलाई सचेत गराइएको छ। एक सहकारी एक उत्पादन कार्यक्रम अन्तरगत ४४ वटा संस्थाहरुसँग साझेदारीमा एक सहकारी एक उत्पादन कार्यक्रम संचालन गरिएको छ। मेड्पा कार्यक्रम अन्तरगत ८२ जना विपन्न नागरिकहरुलाई सीप विकासमा आधारीत तालिम प्रदान गरिएको छ। चार वटा समुहहरुलाई प्रविधि हस्तान्तरण गरिएको छ।

१३. पशु विकास तर्फ १५० जना व्यवसायीक कृषकहरुलाई गोठ सुधार तथा च्याप कटर वितरण गरिएको छ। बाखा पकेट कार्यक्रम संचालन गर्नुका साथै बाँझो जग्गामा सघन घाँस कार्यक्रम संचालन गरिएको छ। लम्पि स्किन रोग रोकथामका लागि ४ हजार ५५० पशुमा भ्याक्सिनेसन गरिएको छ।

१४. व्यवसाय प्रवर्दन केन्द्र स्थापना गरि बिभिन्न उधम्शिलाता विकास तथा स्वरोजगार कार्यक्रमहरु संचालन गरिएकोछ |

**सभाध्यक्षज्यू,**

**अव म आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकता उल्लेख गर्ने अनुमति चाहन्छु ।**

**बजेटका उद्देश्यहरुः**

- पोखरा पर्यटकीय पूर्वाधारको विकास गर्ने,
- उत्पादनशील र व्यावसायिक कृषि प्रणालीको विकास गर्ने,
- समतामूलक र सन्तुलित पूर्वाधार निर्माण गर्ने
- फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र प्रदुषण नियन्त्रण गर्ने
- सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्ने, संरक्षण गर्ने र उत्पादनशील उपयोग गर्ने
- सभ्य, सुसंस्कृत र व्यवस्थित शहरीकरणको थालनी गर्ने
- सामाजिक समावेशीकरण, लैङ्गिक विकास र सहभागितामूलक विकासका माध्यमवाट समतापूर्ण समाजको निर्माण गर्ने
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने, र
- नागरिकलाई महानगरका सेवा, सुविधा, सहज र शीघ्र उपलव्ध गराई जवाफदेही सार्वजनिक सेवाको प्रत्याभूति गर्ने ।

**बजेटका प्राथमिकता देहाय बमोजिम** रहेका छन ।

- पर्यटन प्रवर्द्धन
- हरित, उत्थानशील र दिगो पूर्वाधार विकास
- वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन
- समावेशी, सन्तुलित र समतामूलक विकास
- संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह
- स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन
- गुणस्तरीय, जवाफदेही र प्रतिस्पर्धी मावनस्रोत विकास
- गुणस्तरीय शिक्षा तथा आधारभुत स्वास्थ्यको विकास र व्यवस्थापन

**सभाध्यक्षज्यू,**

**अव म आर्थिक वर्ष २०८०/८१ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**आर्थिक विकास तर्फः**

१. भू-उपयोग ऐन र नियमावली बमोजिम पोखरा महानगरपालिकाले स्थानीय भू-उपयोग परिषदबाट कृषि र गैरकृषि क्षेत्रको वर्गिकरण गरेको छ । आगामी आ.व.देखि कृषि उत्पादन सामग्री र यन्त्र उपकरण वितरण गर्दा प्राथमिकताका आधारमा लगानी परिचालन गर्न उत्पादनको आधारमा कम्तीमा ७० प्रतिशत अनुदान कृषि क्षेत्रमा वर्गिकृत भूमिलाइ दिने व्यवस्था गरिनेछ ।

२. सिँचाई सुविधा वृद्धि गरि उत्पादन बढाउनको लागि सिँचाई कुलो निर्माण तथा मर्मतको लागि साना सिँचाई कार्यक्रममा रु. ५० लाख विनियोजन गरेको छु । भिरालो पाखो जमिनमा आकाशे पानी संकलनको लागि प्लास्टिक पोखरी निर्माणको लागि विशेष प्राथमिकता दिइनेछ ।

३. आगामी वर्ष कृषि यन्त्र उपकरण मर्मत अभियान सञ्चालन गरिनेछ । त्यसका लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

४. व्यवसायिक कृषि उत्पादन कार्यक्रम अन्तर्गत सुन्तला बगैंचा व्यवस्थापन अभियान, मल, विऊ, विरुवा लगायत कृषि सामग्री व्यवस्थापन, आलु उत्पादन कार्यक्रम, हिँउदे बाली अभियान, चैते धान प्राविधिक सहयोग कार्यक्रम, माछा पोखरी क्षेत्र विस्तार जस्ता कार्यक्रमको लागि रु. १ करोड २४ लाख बजेट विनियोजन गरेको छु ।

५. स्थानीय कृषि उत्पादनको न्यूनतम समर्थन मूल्यमा थप वस्तुको न्यूनतम मूल्य तोकि कृषकहरुलाई प्रोत्साहन दिने उद्देश्यले समर्थन मूल्यभन्दा न्यून हुन आउने मूल्य अनुदान दिनका लागि रु.६० लाख विनियोजन गरेको छु ।

६. स्थानीय कृषि उपजहरुको संकलन गरि उपभोक्ता समक्ष पु¥याउन सञ्चालनमा आएको कृषि एम्बुलेन्स सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु । थप स्थानमा किसान हाट बजार निर्माण, मेला, महोत्सव सहयोग लगायतका प्रवर्द्धनात्मक कार्यक्रमको लागि रु. १ करोड ६ लाख विनियोजन गरेको छु ।

७. कृषि प्रसार, संवाद, प्रविधि हस्तान्तरण अन्तर्गत आकस्मिक बाली संरक्षण, आइपीएम प्रविधि, प्राथमिक कृषि प्रविधि प्रचार जस्ता कार्यक्रमको लागि रु. ४२ लाख विनियोजन गरेको छु ।

८. व्यवसायिक पशुपंक्षी उत्पादन कार्यक्रम अन्तर्गत बाखा पकेट कार्यक्रमलाई थप विस्तार गर्नको लागि रु. १५ लाख, व्यवसायिक फार्म सुदृढिकरणको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

९. छाडा पशुपंछी व्यवस्थापनको लागि रु. ३० लाख, बाँझो जग्गामा घाँस लगाउनेलाई प्रोत्साहन वापत रु. १५ लाख, पशुपंछी उपचारको लागि पशु सेवा केन्द्रमार्फत निःशुल्क आधारभुत औषधी वितरणको लागि रु. ३३ लाख, नियमित खोप कार्यक्रम, पशु स्वास्थ्य शिविर, कृतिम गर्भाधान कार्यक्रम लगायत पशुतर्फका कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

१०. व्यवसाय प्रवर्द्धन अन्तर्गत व्यवसाय विकास कार्यक्रमको लागि रु.२५ लाख, पोखरा रोजगार मेलाका लागि रु. १० लाख, युवा उद्यमशिलता विकास कार्यक्रमका लागि रु. ३० लाख र शिपमुलक तालिमका साथै शिप परिक्षण कार्यक्रमका लागि रु. ४५ लाख गरि कुल रु. २ करोड विनियोजन गरेको छु ।

११. सहकारी संस्थाहरुले भोगिरहेको वित्तीय समस्या समाधान गर्न समयमा ऋण चुक्ता नगर्ने व्यक्तीहरुको विवरण महानगरपालिकाको वेभसाइटमा प्रकाशन गर्नुका साथै महानगरबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्न कानुनी व्यवस्था मिलाइनेछ ।

१२. सहकारी प्रवर्द्धन कोषको परिचालन गरि सुशासनमा चलेका सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्न कोष स्थापनाका लागि बिउपुँजी बापत रु. ३० लाख विनियोजन गरेको छु ।

१३. सहकारी संस्थाहरुको सघन अनुगमन कार्यक्रमलाई निरन्तरता दिँदै सहकारी मूल्य मान्यता विपरित कार्य गर्ने संस्थाहरुलाई कारवाहीको दायरामा ल्याई सर्वसाधारणको बचत सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१४. एक सहकारी एक उत्पादन कार्यक्रमलाई आगामी वर्ष निरन्तरता दिन रु. ५५ लाख विनियोजन गरेको छु । यसबाट सहकारी क्षेत्रको बचत उत्पादनशिल क्षेत्रमा परिचालित हुने विश्वास लिइएको छ ।

१५. विभिन्न कारण रुग्ण रहेका उद्यम व्यवसायलाई पुनरुत्थान कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ । गरिबी निवारणका लागि लघुउद्यम र अन्य विकास साझेदारहरुबाट सञ्चालित परियोजनाहरु सँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. विभिन्न वस्तु तथा सेवाहरुको गुणस्तर नियमन र उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

## शिक्षा तर्फः

१७. सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनमा सुधार ल्याई शिक्षाको गुणस्तर वृद्धि गर्न प्रध्यानाध्यापकहरुलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन र विद्यार्थीको दिवा खाजाको लागि नेपाल सरकरले प्रदान गरेको प्रति विधार्थी प्रतिदिन रु १५ मा महानगरबाट **रु १० थप** गरि प्रतिदिन २५ पुर्याउनका लागि रु.४ करोड ६५ लाख विनियोजन गरेको छु ।

१८. महानगरवाट संचालित गण्डकी बहुप्राविधिक शिक्षालयले उत्कृष्ट नतिजा हासिल गरिरहेको छ । सो शिक्षालयको पूर्वाधार निर्माण तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु ३ करोड ३३ लाख छुट्याइएको छ ।

१९. शिक्षातर्फ छरिएर रहेको साधन स्रोतलाई एकीकृत गर्दै विद्यालयमा पहुँच एव गुणस्तर वृद्धि गर्न र बृहत विद्यालय सञ्चालन गर्न विद्यालय नक्सांकन एवं विद्यालय मर्जरका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

२०. बालविकास केन्द्र सहयोगी कार्यकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीहरुका लागि तलब भत्ता अनुदान तर्फ रु. ४ करोड ६५ लाख विनियोजन गरिएको छ।

२१. शिक्षकहरुको दैनिक शिक्षण सिकाई क्रियाकलापको व्यावहारिक समस्या समाधान गर्ने गरी छोटो अवधिमा तालिम सञ्चालन गर्न रकम विनियोजन गरिएको छ।

२२. बालबालिका देशका भावी विकास र संवृद्धिका लागि योग्य नागरिक हुन। विद्यालयको प्रारम्भिक खुड्किलोको रुपमा रहेको बालबिकास केन्द्रको सवलीकरण भएमा योग्य मानव संशाधन उत्पादन हुने निश्चित छ। बालबिकास केन्द्रका लागि रु ४० लाख विनियोजन गरिएको छ।

२३. महिला शिक्षकहरुको प्रसुती विदामा दैनिक शिक्षण सिकाई प्रभावित हुने भएकाले सोको समाधानका लागि सट्टा शिक्षक व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरिएकोछ।

२४. महानगरको कला, संस्कृति, साहित्य, संगीत तथा प्राज्ञिक क्षेत्रमा क्रियाशील महानगरस्तरको पोखरा प्रज्ञा प्रतिष्ठानलाई साधन स्रोत सम्पन्न बनाई प्राज्ञिक उत्कृष्ट केन्द्रका रुपमा विकास गरिनेछ।

२५. खेलकुदको प्रवर्द्धन र विकासका लागि विद्यालय तहदेखि राष्ट्रिय स्तरका प्रतियोगितामा महानगरले सहकार्य र आयोजना गरिरहेको छ। खेलकुद पूर्वाधार र प्रवर्द्धन कार्यका लागि आगामी वर्ष रु. १ करोड २५ लाख विनियोजन गरिएको छ।

२६. कक्षा ६ देखि १२ सम्मका छात्रहरुका लागि विद्यालयमा उपलब्ध हुने गरी नि:शुल्क सेनेटरी प्याडको व्यवस्था मिलाइएको छ। यसका लागि रु १ करोड ५३ लाख बजेट व्यवस्था गरिएको छ।

२७. आगामी वर्ष युवा उद्यमशीलताको विकास एवं आयआर्जन कार्यक्रम सञ्चालन गर्न र वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई लक्षित गरी तालिम उपलव्ध गराउन आवश्यक रकम विनियोजन गरिएको छ।

२८. आगामी वर्ष उत्कृष्ट खेलाडी छनौट गरी सम्मान गर्न रकम विनियोजन गरिएको छ।

२९. महानगरमा स्रोत  शिक्षा, खेलकूद तथा यूवा र प्रज्ञा प्रतिस्ठान सम्वन्धी कार्यक्रम सञ्चालन गर्न रु. १८ करोड विनियोजन गरिएको छ। यसका लागि आवश्यक संस्थागत प्रवन्ध गरिनेछ।

## स्वास्थ्य तर्फः

३०. महानगर अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुवाट निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ। यसका लागि रु १६ करोड ५० लाख विनियोजन गरिएको छ।

३१. स्वास्थ्य संस्थाहरुमा रोग लाग्नवाट बचाउन निदानात्मक सेवा सञ्चालन भैरहेको छ। आगामी आर्थिक वर्ष जनसंख्या र भूगोलको आधारमा छनोट भएका विभिन्न ४ वटा स्वास्थ्य संस्थामा यस्तो सेवा प्रवाह गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३२. ९८ प्रकारका निःशुल्क औषधी वितरणका लागि महानगरपालिकाले औषधी खरिद तथा आपूर्ति गर्दै आइरहेको छ। अत्यावश्यक औषधी नियमित आपूर्तिको सुनिश्चितता गर्न पर्याप्त पजेट विनियोजन गरिएको छ।

३३. महिलाको लागि स्वास्थ्य जोखिम मानिएको प्रजनन स्वास्थ्य, आङ खस्ने समस्या, स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन र आमा तथा शिशुको लागि पोषण व्यवस्था गर्न बजेटको व्यवस्था गरिएको छ।

३४. शहरी क्षेत्रमा नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दो छ। यसर्थ यस्तो प्रकोप जोखिम न्यूनीकरण गर्न स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ।

३५. महिला स्वास्य स्वयमसेविकाको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लागि रु.१ करोड बजेट विनियोजन गरिएको छ ।

३६. सामुदायिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम शुरुवात गर्न र समग्र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

३७. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम विभिन्न स्वास्थ्य संस्था सम्बन्धी पूर्वाधारहरु निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

३८. महानगरको एक मात्र शिशुवा अस्पतालमा विशेषज्ञ सेवा थप गर्न र मृगौला रोगको डायलोसिस सेवा आरम्भ गर्न रु.१ करोड विनियोजन गरिएको छ।

३९. कोभिड १९ लगायत सरुवा रोग, महामारी नियन्त्रण, विपद व्यवस्थापन तथा प्रतिकार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

४०. महानगरपालिकाको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न र जनस्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न संघीय कार्यक्रम सहित कूल रु ३५ करोड ५६ लाख बजेट प्रस्ताव गरिएको छ।

**सामाजिक विकास तर्फः**

४१. विपन्न, एकल एवं लक्षित वर्गका महिलाहरुको उद्ययमशीलता विकासका लागि उप प्रमुखसंग महिला कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको छ। चक्रीय कोषका रुपमा उद्यमशील महिला दिदीबहिनीहरुलाई व्यवसायिक योजनामा आधारित लगानी रकम उपलब्ध गराउने, अन्य आयआर्जनमा सहयोग गर्ने र सुलभ ब्याजसहित फिर्ता गर्ने यस कोषलाई आगामी दिनमा स्वचालित, सुदृढ र प्रणालीवद्ध बनाइनेछ। आगामी वर्ष सो कोषमा थप दुई करोड रुपैयां जम्मा हुने व्यवस्था गरिएको छ।

४२. समाजमा विकराल समस्याका रुपमा रहेको लैङ्गिक हिंसालाई न्यूनीकरण गर्न लैङ्गिक हिंसा विरुद्ध पुरुषहरुको ऐक्यवद्धताः महिला पुरुष समसचेतना कार्यक्रमलाई निरन्तरता दिइएको छ।

४३. आगामी वर्ष सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुको लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम र महिला प्रतिभा प्रतिस्पर्धा कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिएको छ।

४४. आपतकालीन अवस्थाका महिलाहरुको उद्धार, राहत र पुनर्स्थापना कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

४५. बालवालिकाको संविधान प्रदत्त हक हित र अधिकारलाई सुनिश्चित गर्न, बाल संरक्षणलाई प्रभावकारी बनाउन वडातहसम्म गठन भई क्रियाशील बाल अधिकार समिति, बालमंच लगायतका संस्थाको विविध कार्यक्रम संचालन गर्न बजेटको प्रबन्ध गरिएको छ।

४६. बालमैत्री वडा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ। मापदण्ड पूरा गरेका वडाहरुलाई बालमैत्री वडा घोषणा गर्न प्रेरित गरिनेछ।

४७. अपांगता भएका व्यक्तिले प्राप्त गरेको सुविधाको अध्ययन गरी अशक्त र अति अपांगता भएका वर्गलाई सहयोग केन्द्रित गर्न अध्ययन गरिनेछ।

४८. आगामी आर्थिक वर्षमा ज्येष्ठनागरिकहरुको सम्मानित र मर्यादित जीवनयापनका लागि वडा कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

४९. ६८ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई प्रति ज्येष्ठ नागरिक मासिक रु २०० का दरले पोषण भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

५०. लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय लक्षित कार्यक्रम संचालन गरिनेछ। विभिन्न धर्म जाति संस्कार र संस्कृतिको जगेर्ना गर्ने नीति लिइनेछ। अति विपन्न दलित, गन्धर्भ, जलारी, कुमाल तथा

सीमान्तकृत समुदायको सीप र क्षमता विकास गर्न एवं पेशा व्यवसायलाई सहयोग पुर्‍याउन बजेट व्यवस्था गरिएको छ।

५१. सडक मानव व्यवस्थापनका लागि मानव सेवा आश्रमलाई सहयोग गर्न बजेट छुट्याइएको छ।

५२. नेपाल सरकारसँगको सहकार्यमा सुरक्षित वैदेशिक रोजगार र सुरक्षित आप्रवासन् कार्यक्रमलाई वडा स्तरसम्म पुर्‍याउन सहजीकरण गरिनेछ।

५३. महानगर र नेपाल प्रहरीको सहकार्यमा लागू औषध दुर्व्यसनी विरुद्दको कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरिएको छ।

५४. शहरी गरिबी निवारण कार्यक्रम आगामी वर्ष महानगरका सबै वडाहरुमा विस्तार गरिनेछ ।लुमन्ती र महानगरको साझेदारीमा बिपन्न वर्गका लागि आवास निर्माण कार्यक्रमका लागि रु १ करोड ४० लाख विनियोजन गरिएको छ | यस परियोजना अन्तर्गत १४ करोड रकम परिचालन गरि आगामी आ. व.मा २०० घर निर्माण गरिनेछ |

## वन, वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन

५५. पोखरा महानगरपालिका क्षेत्र भित्रका नदी घाटको संरक्षण, सम्वर्द्धन र नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५६. महानगरपालिका तत्काल र शीघ्र सम्पादन गर्नुपर्ने कार्यका लागि चालु आ. व.देखि गठन भएको रेपिड रेस्पोन्स टीमलाई २४ सै घण्टा परिचालन गरिनेछ। आकस्मिक सेवा व्यवस्थापनका लागि रु. ५ करोड बजेट व्यवस्था गरिएको छ।

५७. विपद् व्यवस्थापनका लागि पूर्व तयारी कार्यक्रम मार्फत जोखिम न्यूनीकरण गरिनेछ। शहरी सडकमा खाल्डाखुल्डीका कारण सडक दुर्घटना न्यूनीकरण गर्न पर्याप्त रकम विनियोजन गरिएको छ।

५८. आगामी वर्ष विपद् जोखिम वस्ती संरक्षण, पहिरो नियन्त्रण तथा निर्मित पूर्वाधार संरचना संरक्षणका लागि रु १ करोड विनियोजन गरिएको छ।

५९. महानगरको फोहरमैला व्यस्थापनका साथै अन्य आवश्यक कार्यका लागि १ थान एक्साभेटर खरिदका लागि रु १ करोड १७ लाख विनियोजन गरिएको छ ।

६०. आगामी वर्षमा बिभिन्न पार्कहरु मर्मत, स्तरोंनती तथा नयाँ पार्क निर्माण गर्न ५४ लाख विनियोजन गरेको छु।

६१. पोखरा महानगरपालिका वडा नं. ३३ मा जग्गा प्राप्ति प्रक्रियामा रहेको अत्याधुनिक फोहरमैला प्रशोधन केन्द्र निर्माण कार्य थालनीका लागि आवश्यक सबै कार्य पूरा गरिनेछ । पोखरा ३२ लामेआहलमा अवस्थित अस्थाई ल्यान्डफिल साईट सुधारका लागि आवस्यक बजेट विनियोजन गरेको छु ।

६२. महानगरपालिकाका सबै वडाहरुमा एक वडाः एक स्मार्ट शौचालय बनाउने नीति अनुसार शुद्ध पिउने पानी सहितका सुविधा सम्पन्न शौचालय निर्माणका लागि रु. १ करोड ५0 लाख छुट्याएको छु ।

## पूर्वाधार विकास

६३. आगामी वर्ष वडा कार्यालय भवन निर्माणलाई प्राथमिकतापूर्वक निरन्तरता दिइनेछ । महानगरपालिकाको प्रशासकीय भवन आगामी वर्ष निर्माण कार्य थालनी गर्ने व्यवस्था मिलाइनेछ । भवन क्षेत्रमा कुल रु. ५४ करोड ६२ लाख विनियोजन गरिएको छ ।

६४. शहरका विभिन्न क्षेत्रमा आस्फाल्ट सडक निर्माण कार्यलाई तिव्रता दिइनेछ । सोका लागि रु. १० करोड विनियोजन गरिएको छ ।

६५. आगामी आवमा ठुल्दुङ्गा सुर्तानि चैनपुर, घाँटीछिना दमदमे सिदाने पञ्चाशे, कास्कीकोट बनपाले गुण्टेचौर पँदेली कृषि सडक, लामाचौर माछापुच्छ्रे सडक, लामगादी पुँडीटार सडक, वडा नं.१३ र २६ जोड्ने सडक लगायतका बहुवर्षीय योजना सम्पन्न गर्नका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।

६६. वडा कार्यालयबाट प्राथमिकतापूर्वक छनौट भई पेश भएका सडक योजनाको लागि रु. ४९ करोड ९२ लाख प्रस्ताव गरिएको छ ।

६७. हाँडीखोला, खुइतेखोला, खहरेखोला, खुदीखोला, ठुलिमजुवा पुल, फिर्के खोला तथा सुरौदी खोला लगायतका पुल र कल्भर्टहरुको लागि रु.१६ करोड ५० लाख विनियोजन गरिएको छ ।

६८. एक घर एक धारा खानेपानी आयोजना अन्तर्गत सराङ्कोट, थाक, कृस्ती निर्मलपोखरी भरतपोखरी, चैनपुर, ओख्ले लगायतका खानेपानी आयोजनाको निर्माण तथा मर्मत सम्भारको लागि रु. १० करोड विनियोजन गरिएको छ ।

६९. हामी बनाउँछौ हाम्रो महानगर अन्तर्गत स्थानीय उपभोक्ता र महानगरपालिकाको ५०/५० प्रतिशत साझेदारीमा पूर्वाधार आयोजना सञ्चालन गर्न प्राथमिकता दिइनेछ, यसका लागि रु.५ करोड विनियोजन गरिएको छ ।

७०. छिमेकि पालिकाहरु सँग आवश्यकताको आधारमा साझेदारीमा आयोजना सञ्चालन गर्न रु. १ करोड ५० लाख विनियोजन गरिएको छ ।

७१. विकास आयोजनामा हुने लगानीलाई दिगो बनाउन आगामी वर्ष पोखरा महानगरपालिका विकास गुरुयोजना तर्जुमा गरिनेछ । साथै पोखरा चक्रपथको सम्भाव्यता अध्ययन कार्य समेत अगाडी बढाइनेछ । यसको लागि रु. १ करोड ५० लाख विनियोजन गरिएको छ ।

७२. शहरी सुन्दरतामा प्रतिकुल असर गर्ने सवारी साधन मर्मत वर्कसपहरुलाई एकै स्थानमा व्यवस्थित गर्न अटो भिलेज स्थापनाका लागि कार्य अगाडी बढाइनेछ । यसको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

७३. फेवा बेगनास लगायत पोखराका सबै तालहरुको संरक्षण तथा अतिक्रमण नियन्त्रण गरिनेछ । फेवा तालको सुन्दरता अभिवृद्धि गर्न फेवाफेरो पदमार्ग निर्माण शुरु गरिनेछ । त्यसका लागि रु. ४० लाख विनियोजन गरिएको छ ।

७४. लामो समयदेखि चर्चामा रहेको, पोखरेलीहरुले चासोका साथ हेरिरहेको फिर्के खोलाको अतिक्रमण हटाई करिडोर निर्माणका लागि १ करोड ५० लाख विनियोजन गरिएको छ ।

७५. पोखरा बहुउद्देश्यीय भवन, नयाँ एयरपोर्टबाट लेकसाइड जोड्ने फास्ट ट्र्याक, फेवाबेगनास कनेक्टिभिटी सडक, पोखरा बसपार्क, विन्ध्याबसिनी बसपार्क, कोमागाने पार्क, ड्यामसाइड पर्यटन पार्क, लामेआहल बसपार्क, बेगनास बराहक्षेत्र परियोजना, फेवा किनारमा फेवा बिच, रानीवनमा हर्बल ट्रेल, छतिघाट निर्माण, पन्चासे विकास परियोजना, पोखरा गौशाला निर्माण लगायतका महानगर गौरवका आयोजनाहरुका लागि पर्याप्त बजेट विनियोजन गरिएकोछ ।

७६. भौतिक पूर्वाधार, शहरि विकास, पर्यटन पूर्वाधार,वातावरण लगायतका पूर्वाधार विकास कार्यक्रमका लागि कुल रु. २ अर्ब ७० करोड बजेट प्रस्ताव गरिएको छ ।

## संस्थागत विकास तर्फः

७७. आगामी वर्ष महानगर कर्मचारी सेवा ऐन जारी गरिनेछ । कर्मचारीले खाइपाई आएको महानगर प्रोत्साहन भत्ता साविक बमोजिम उपलब्ध गराइनेछ ।

७८. पोखरा महानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

७९. नागरिक केन्द्रीत प्राय: सेवाहरु वडा कार्यालयवाटै प्रवाह हुने गरी वडा कार्यालयहरुलाई जिम्मेवार र अधिकार सम्पन्न बनाइनेछ । वडा कार्यालयमा नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइनेछ ।

८०. कर्मचारीहरुको सरुवा तथा पदस्थापन सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । आगामी वर्ष महाशाखा प्रमुख एवं शाखा प्रमुखहरुसँग कार्यविवरणका आधारमा कार्यसम्पादन सूचक तयार गरी सम्झौता गरिनेछ । कार्यसम्पादनका आधारमा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

८१. सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण र बजार अनुगमन तथा नियन्त्रण कार्य प्रभावकारी रुपले कार्यान्वयन गर्न बजेट व्यवस्था गरिएको गरिएको छ । आगामी वर्ष सार्वजनिक जग्गाको संरक्षण र संवर्द्धन गर्न यथार्थ विवरण सहितको प्रोफाइल तयार गरिनेछ ।

८२. नगरप्रहरीलाई साधन र स्रोत सम्पन्न प्रहरी युनिट बनाइनेछ । महानगर कानूनको परिपालनामा नगर प्रहरीको भूमिका सुदृढ बनाइनेछ ।

८३. प्राविधिक कर्मचारीहरुलाई सार्वजनिक खरिद, ड्रइङ्ग डिजाइन, लागत अनुमान तथा योजना व्यवस्थापन सम्बन्धमा दक्ष जनशक्तिद्वारा तालिम र प्रशिक्षण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ ।

८४. सेवाको पहुँचवाट विमुख भएका र सेवाको मूल्य भन्दा समय र आतेजाते खर्च व्यहोर्नुपर्ने ग्रामिण क्षेत्रमा रहेका नागरिकहरुलाई लक्षित गरी ग्रामीण तथा विकट क्षेत्रमा संभाव्य सेवाहरु घरदैलोमै प्रदान गर्ने गरी घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८५. स्थानीय अदालतको अनुकरणीय अभ्यास गर्दै आएको न्यायिक समितिको कामकारवाहीलाई प्रबिधिमैत्री बनाई थप प्रभावकारी बनाउन जनस्तरमा यस्को प्रचार गर्ने उदेश्यले विधार्थी, जेष्ठ नागरिक, श्रमिक र संचारकर्मी संग न्यायिक समिति कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

८६. महानगरबाट प्रवाह हुने सेवा र गरिने विकास निर्माण सम्बन्धी कार्यको सार्वजनिक रुपमा परीक्षण गर्न एवं सरोकारवाला र प्रभावित वर्गद्वारा आफ्ना गुनासा र पीरमर्का आदानप्रदान गरी सेवाको गुणस्तर सुधार गर्न सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ नियमित रुपमा सञ्चालन गरिनेछ ।

८७. महानगरबाट प्रवाह हुने सार्वजनिक सेवालाई सहज, सरल र पारदर्शी बनाउन विभिन्न सरकारी निकाय तथा सञ्चार क्षेत्रका छाता संगठनहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

८८. सार्वजनिक सम्पत्तिको यथार्थ विवरणको अभिलेख राखी यसको संरक्षण र सम्वर्द्धन गर्दै उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने नीति अनुसार सार्वजनिक सम्पत्तिको लगत संकलन, विपद् प्रतिकार्यका लागि खुला स्थान पहिचान एवं सोको प्रोफाइल तयार गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

८९. सार्वजनिक विदाको दिनमा समेत अत्यावश्यक सेवा जस्तै: राजश्व, सरसफाइ, सडक मर्मत र विपद् व्यवस्थापन लगायतका कार्य प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

९०. विविध विशेषज्ञता आवश्यक पर्ने जटिल प्रकृतिका योजनाको कार्यान्वयन र व्यवस्थापन गर्न, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन र अनुसन्धानका कार्यहरु शहरी योजना आयोग मार्फत गर्न बजेट व्यवस्था गरेको छु।

**सभाध्यक्षज्यू,**

**अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

९१. आगामी आर्थिक वर्षका लागि बजेटका उद्देश्य तथा प्राथमिकताहरु पूरा गर्न प्रस्तावित कार्यक्रमहरुका लागि रु. ७ अर्व १५ करोड १५ लाख १७ हजार विनियोजन गरेको छु। उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार अनुदानवाट २ अर्व ७६ करोड ३२ लाख, प्रदेश सरकार अनुदानवाट १० करोड २३ लाख ६२ हजार, आन्तरिक आयवाट २ अर्व २७ करोड ८७ लाख व्यहोरिनेछ। यसै गरी संघीय राजश्व बाडँफाँडबाट ३६ करोड ६२ लाख व्यहोरिने छ। प्रदेश राजश्व वाँडफाड ८ करोड २५ लाख व्यहोरिने छ। स्थानिय राजव बाटफाट बाट रु १ अर्ब १ करोड ७५ लाख र संघीय सरकार शहरी बिकाश आयोजना अनुदान बाट ८ करोड ४० लाख ९१ हजार प्राप्त हुने अनुमान छ। यसो गर्दा ४५ करोड ६८ लाख ६५ हजार न्यून हुन जाने देखिन्छ। न्यून हुन जाने बजेट चालु आ.व को अन्त्यमा बचत हुने मौज्दात रकमबाट व्यहोरिनेछ।

९२. खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालय तर्फ ८१करोड २२ लाख २६ हजार, सामाजिक विकास ६ करोड ५० लाख , आर्थिक विकास तर्फ १० करोड, वडा कार्यालय तर्फ ७२ करोड ६० लाख र पूर्वाधार तर्फ २ अर्ब, पर्यटन शहरी विकास तथा वातावरण तर्फ ७० करोड, विभिन्न कोषहरुमा १४ करोड, संघीय शर्सत अनुदान २ अर्ब २३ करोड ६२ लाख र प्रदेश शसर्त अनुदान ८० लाख तथा शहरी विकास आयोजनामा ८ करोड ४० लाख ९१ हजार बजेट पेश गरिएको छ।

९३. पोखरा महानगरपालिकाको आर्थिक विधेयक, २०८० तथा विनियोजन विधेयक, २०८० सम्मानित सभामा पेश गरेको छु ।

**सभाध्यक्ष्य ज्यू,**

**अव म आगामी आर्थिक वर्ष २०८०/ ८१ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**राजश्व परिचालन नीति**

९४. राजश्व प्रशासनलाइ बढी विश्वसनिय र यथार्थपरक बनाउन नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयले तयार गरेको स्थानीय तह संचित कोष व्यवस्थापन प्रणालीमा समाविष्ट भइ आएको राजस्व मोडेल लागू गरिने छ । करदातालाई अनलाइन प्रणालीका माध्यमबाट कर भुक्तानीको व्यवस्था मिलाइनेछ ।

९५. महानगरपालिका र वडा कार्यालयमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । करदाताई करको दायरामा ल्याउन घुम्ती कर शिविर संचालन गरिनेछ ।

९६. महानगरपालिकामा भएका व्यवसायलाइ सूचना पाटीको आधारमा व्यवसायको पहिचान हुनेगरी बर्गीकरण गर्न अध्ययन गरिनेछ । महानगरपालिका क्षेत्रमा रहेका करदाताहरुलाई करको दायरामा ल्याउन अनलाइन प्रणालीबाट आवेदन दिन सक्ने व्यवस्था मिलाइनेछ । .

९७. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

९८. पोखरा महानगरपालिका अन्तर्गतका गण्डकी बहुप्राविधिक शिक्षालय र शिशुवा अस्पतालमा विभिन्न शिर्षकमा प्राप्त हुने शुल्कलाई महानगरपालिकाको एकल कोष खातामा समाविष्ट गरिनेछ ।

९९. राजस्व संकलन प्रणालीलाइ प्रभावकारी बनाउन राजस्व अनुगमन शाखा स्थापना गरिनेछ । साथै द्रुत प्रतिकार्य समूह गठन गरी कर सम्वन्धी गुनासा तथा उजुरीहरु तत्काल फछर्योट गर्ने व्यवस्था कार्यान्वयनमा ल्याईनेछ । आवश्यकताका आधारमा राजस्व शाखालाइ पुनरसंरचना गरिनेछ ।

१००. वडा तहमा करदातालाई कर बुझाउन असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरणको लागि करदाता सहायता कक्ष सञ्चालन गरिनेछ ।

१०१. राजश्वको ठूलो हिस्सा ओगट्ने आय ठेक्कालाई समयसीमा भित्र व्यवस्थापन गर्न वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।

१०२. सम्पत्ति कर वास्तविक मूल्यांकन र व्यवसाय कर कारोवारका आधारमा तिर्ने प्रणालीको विकास गरिनेछ । महानगरको राजश्वलाई महानगरकै विकासमा उपयोग गर्ने र राजश्व आय आर्जन गर्दा प्राकृतिक स्रोत साधन संरक्षण र वातावरणमा प्रतिकूल असर नपर्ने गरी कार्यान्वयन गरिनेछ ।

**कर छुट**

१०३. पोखरा महानगरपालिकामा रहेका सरकारी निकाय, सार्वजनिक संस्थानहरु, संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएका मुनाफा रहित सामाजिक संस्थाहरु जस्ता निकायको लागि कानुनबमोजिम कर छुटको व्यवस्था गरिनेछ ।

१०४. चालु आर्थिक वर्षको सम्पुर्ण बहाल कर असोज मासान्त भित्रमा अग्रीम भुक्तानी गरेमा बहालकरमा छुट दिईनेछ ।

१०५. पोखरा महानगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा व्यवसायीले चालु आर्थिक वर्षको व्यवसाय कर पौष मसान्त भित्रमा दाखिला गरेमा व्यवसाय करमा विशेष छुट दिइनेछ ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरू, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, महानगरपालिकाका महाशाखा, शाखा र एकाइहरु, सभासदज्यूहरू र सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बजेट तर्जुमा जति महत्वपूर्ण छ यसको कार्यान्वयनवाट यसको सार्थकता झल्किन्छ । यसर्थ, बजेट कार्यान्वयनमा नगरसभासदज्यूहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, दातृ निकाय एवं सम्बद्ध सबै सरोकारवालाहरुवाट रचनात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध पोखरा निर्माणमा सबैले आआफ्नो क्षेत्रवाट योगदान गर्ने आशा एवं विश्वास गर्दछु ।

**धन्यवाद ।**

**जय पोखरावासी ।।**